नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ | अंक १८० | २०८१ साल फागुन २ गते शुक्रबार (14 Feb. 2025 Friday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : वनक्षेत्रबाट विस्थापित ... ३ पृष्ठमा : उत्तर कोरियाले पारिवारिक ... ३ पृष्ठमा : युक्रेन शान्ति शिखर ...

## तलव नपाएपछि कर्मचारीले गरे मधेश कृषि विश्वविद्यालयमा तालाबन्दी



**दैनिक समाचारदाता**
**राजविराज, ०१ फागुन।**

राजविराज स्थित मधेश प्रदेश कृषि विश्वविद्यालयका प्राध्यापक तथा कर्मचारीहरुले विहीवार विश्वविद्यायमा तालाबन्दी गरेका छन।

गत भदौ महिना देखि तलब लगायतका सुविधा नपाएको भन्दै प्राध्यापक तथा कर्मचारीहरुले उपकुलपती डा.बैधनाथ महतोलाई बाहिर निकालेर तालाबन्दी गरेका हुन।

तालाबन्दीका कारण विश्वविद्यालयको प्रशासनिक देखि पठनपाठन तथा अनुसन्धान लगायतका सम्पुर्ण गतिविधी ठप्प भएको हो।

विश्वविद्यालयका प्राध्यापक तथा कर्मचारीहरुले यसअघि जिल्ला प्रशासन कार्यालय सप्तरी मार्फत तलव भत्ता लगायतका सुविधा माघ ३० गते भित्र उपलब्ध गराउन मधेश सरकारलाई ज्ञापनपत्र बुझाएका थिए। तोकिएको समय सिमा भित्र पारिश्रमिक उपलब्ध नगराए फागुन १ गतेबाट पठनपाठन ठप्प पार्ने चेतावनी समेत ज्ञापनपत्रमा दिईएको थियो।

सरकारबाट कुनै ठोस पहल र सहयोग न भएका कारण पुर्व निर्धारित कार्यक्रम अनुसार बाध्य भएर तालाबन्दीमा उत्रिनु परेको विश्वविद्यालयका उपप्रध्यापक रामनन्दन यादवले बताए।

आवश्यक बजेटको अभावमा लामो समयदेखी तलब नपाएको र विश्वविद्यालयको अन्य गतिबिधीमा समस्या पर्दा आफ्नो गोजीबाट समेत पैसा खर्च गरेर काम चलाएको उनले दुखेसो पोखे।

विश्वविद्यालयमा कार्यरत ८ जना उपप्रध्यापक सहित १८ जना कर्मचारीले ७ महिना देखी तलब पाउन न सकेको अर्का उपप्रध्यापक डा.नितेश कुमार यादवले बताए।

उपकुलपती, रजिस्टार, प्रशासन, लेखाका साथै कक्षा कोठा भवनहरुमा समेत तालाबन्दी गरिएपछि विश्वविद्यालयमा कृषि, पशु, माछा र खाद्य प्रविधी विज्ञान गरी ४ वटा अध्यनरत एकसय विद्यार्थीको पठन पाठन ठप्प भएको छ।

विश्व विद्यालयका उपकुलपती डा.बैद्यनाथ महतोले विश्वविद्यालयमा देखिएका समस्या समाधानका लागी आफुले सम्बन्धित निकायमा पटक/पटक लिखित र मौखित ध्यानाकर्षण गराउँदा पनि आवश्यक पहल न हुदा यस्तो अवस्था सिर्जना भएको बताए।

प्रदेश सरकारले २०७८ साल मंसिर २७ गते राजविराजमा मधेश प्रदेश कृषि विश्वविद्यालयको स्थापना गरेको थियो।

## सार्वजनिक सुनुवाईमा विटौरी जग्गा बाहकलाई लालपूर्जा दिन माँग



**दैनिक समाचारदाता**
**राजविराज, ०१ फागुन।**

राजविराज नगरपालिकाले ७ बर्षपछि बिहिबार सार्वजनिक सुनुवाईको आयोजना गरेको छ।

सार्वजनिक सुनवाई कार्यक्रममा सहभागी नागरिक अगुवाहरुले बिटौरी जग्गाको समस्या समाधान गरेर लालपुर्जा उपलब्ध गराउन माग गरेका छन्।

राजविराज नगरपालिकाले आयोजना गरेको “नगरपालिकाबाट संचालित आयोजना कार्यक्रम तथा सेवा प्रवाह सम्बन्धि सार्वजनिक सुनवाई कार्यक्रममा वक्ताहरुले पुस्तौ देखी वसोवास गर्दै आएको ५ हजार भन्दा बढी विटौरी जग्गा बाहकहरुले हाल सम्म लालपूर्जा पाउन नसक्दा समस्यामा परेको गुनासो पोखे।

सहभागीहरुले समस्याको समाधान नखोजिए आन्दोलन चर्काउने चेतावनी समेत दिए। कार्यक्रममा बोल्दै पूर्व मन्त्री समेत रहेका राजविराज नगरपालिकाका पूर्व मेयर अनिस अन्सारीले नगरको मुख्य बजार क्षेत्रमा वसोवास गर्दै आएका ५ हजार भन्ज्दा बढी परिवार लालपूर्जा नपाउँदा समस्यामा परेको बताए।

उनले लालपुर्जा आफनो नाममा भएकै कारण नक्शा पास लगायतका काम रोकिएको बताउँदै जग्गा वापत नगरपालिकाबाट पाएको रसिदमा उल्लेखित जग्गा बैंक तथा वित्तिय संस्थामा धितो राखी ऋण कर्जा लिएर ब्यापार व्यवसाय गर्दै आएकोमा हाल सो सेवा सुविधा पनि बन्द भएको उल्लेख गरे।

नेपाली काँग्रेसका यूवा नेता इरसाद अन्सारीले विटौरी जग्गाको वर्षौं देखि कर लिने गरेको राजविराज नगरपालिका तथा सम्बन्धित कार्यालयले नक्शा पास र लालपुर्जा उपलब्ध न गराउँदा बैकले पनि त्यस्तो जग्गा स्वीकार गर्न नमानेको बताए।

उनले जग्गा धितो राखेर ऋण लिन नपाएको कारण यहाँको व्यापार व्यवसायढ चौपट हुनुका साथै शिक्षा, उपचार लगायतका कार्य समेत प्रभावित बन्न पुगेको गुनासो गरे।

अविलम्ब यसको समाधान न खोजिए केही दिन भित्रै संघर्षका कार्यक्रमहरु घोषणा गरी

***बाँकी तीन पृष्ठमा***

## नागरिकलाई सावधानी अपनाउन सप्तरी प्रशासनको आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, ०१ फागुन।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले म्यान्मार, थाइल्याण्ड कम्बोडिया, लाओस लगायतका देशमा जाने नागरिकका लागि सावधानी अपनाउन आग्रह गरेको छ।




अनलाइन जुवा, कल सेन्टर फ्रड, क्रिप्टो-करेन्सी ठगीमा संलग्न शंकास्पद आईटी फर्महरुले बैंककमा रोजगारीका अवसरहरुको प्रलोभन देखाई युवाहरूलाई ठगी गरिरहेकोले सचेत हुन आग्रह गरेको हो।

जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत मोना झाले बिहिबार एक सूचना जारी गर्दै पीडितहरुलाई गैरकानुनी रुपमा बैंकक हुँदै कम्बोडिया, लाओस र म्यानमार ल्याई बन्दी बनाएर काम गर्न लगाइएको पाइएको एवं थाइल्याण्ड र म्यानमारमा रोजगारीका विज्ञापनहरु प्रायः सामाजिक सञ्जाल प्लेटफर्महरु मार्फत विभिन्न स्थानका एजेन्टहरुद्वारा प्रस्तावित हुने भएकोले त्यस्ता सामाजिक सञ्जाल प्लेटफर्म वा अन्य श्रोताहरूमा प्रचार गरिएका नक्कली जागिरको प्रलोभनमा नपर्न आग्रह गरेको छ।

वैदेशिक रोजगारमा जाने प्रयोजनका लागि भिजिट भिसामा

***बाँकी तीन पृष्ठमा***

## नदी संरक्षणमा सबैले सहकार्य गरौँ: पर्यटनमन्त्री पाण्डे

काठमाडौँ, १ फागुन (रासस)।

संस्कृति, पर्यटन तथा नागरिक उयनमन्त्री बद्री पाण्डेले नदी संरक्षणमा सबैको सहकार्य, समन्वय आवश्यक पर्ने भन्दै यो विषयलाई सबैले गम्भीरताका साथ लिनुपर्ने बताउनुभएको छ।

नेपाल पर्यटन बोर्डले सुरु गरेको ‘फोटो नेपाल प्रदर्शनी’ अन्तर्गत नवीन बरालको ‘कर्णाली नदीः तीन देशका तस्बिरहरू’ मा तस्बिर लिएर उद्घाटन गर्दै उहाँले नदीको प्राकृतिक सौन्दर्य नबिग्रिने गरी पूर्वाधार तथा भौतिक संरचना बनाउनुपर्नेमा जोड दिनुभयो।

“कर्णाली नदीसहित मुलुकमा रहेका अन्य महत्वपूर्या नदीहरूको संरक्षण गर्ने, अवैध दोहन नगर्ने विषयमा गरिएका छलफललाई गम्भीरताका साथ लिनुपर्छ”, पर्यटनमन्त्री पाण्डेले भन्नुभयो, “नदीको किनारमा क्रसर उद्योग खोल्ने, हाइड्रोपावर निर्माण

***बाँकी चार पृष्ठमा***

**प्रजातन्त्रको सम्मान गरौं**

- राज्य शक्तिको स्रोत जनता हुन्,
- निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो,
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारस्तम्भ हो,
- नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्,
- प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ,
- कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो,
- शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं,
- सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं,
- सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं,

**प्रजातन्त्रको सम्मान गरौं, प्रजातान्त्रिक संस्कृतिको सम्वर्द्धन गरौं।**

रकार विज्ञापन बोर्ड

## सम्पादकीय ....

# ‘पार्किङ’ व्यवस्थापनमा सहयोग गर्नु आवश्यक

राजविराज नगरपालिका स्थापना भएको ६५ बर्ष वित्यो तर, अहिलेसम्म यहाँ ट्राफिक व्यवस्थापनको काम हुन सकेको छैन् । ट्राफिक व्यवस्थापन हुन नसकेकै कारण नगरको मुख्य सडकहरुहरु जथाभावी पार्किङले गर्दा कुरुप बनेको छ । दिनहुँ जसो जथाभावी पार्किङकै कारण राजविराजको मेनरोड स्थित हनुमान मन्दिर देखि गजेन्द्रनाराण सिंह अस्पतालको गेट सम्ममा ट्राफिक जाम हुँदै आएको छ भने, हटिया वरिपरिको मुख्य सडकहरुमा पनि अव्यवस्थित पार्किङले आवागमनमा बाधा पुऱ्याई रहेको अवस्था विद्यमान छ ।

नगरक्षेत्र भित्र संचालनमा रहेका अधिकांश इ-रिक्सा तथा अटो दर्ता छैन् भने रुट परमिट नलिएरै संचालनमा रहेका छन् । नगरक्षेत्र भित्र देखिएको यस्तो जटिल समस्यालाई समाधान गर्न जिल्ला प्रशासन कार्यालयको अगुवाईमा सरोकारबाल निकायहरु राजविराज नगरपालिका, यातायात व्यवस्था कार्यालय, ट्राफिक कार्यालय र अटो व्यवसायी सहितको बैठक बसी सामुहिक रुपमा यस्तो समस्याको समाधान गर्न निर्णय गर्दै दर्ता नभएका तथा रुट परमिट नलिएका सवारी साधनहरु गराउने, हनुमान मन्दिर देखि गजेन्द्रनारायण सिंह अस्पताल सम्मको मेनरोडमा पार्किङ निषेध गर्ने र मुख्य बजार क्षेत्रमा ‘वनसाईड’ पार्किङ गर्न दिने तथा सखडा मोड, कुनौली मोड र हनुमान मन्दिर क्षेत्रमा अस्थायी इ-रिक्सा एवं अटो स्टेण्ड बनाउने जस्ता कामहरुको थालनी गरेको छ जुन कि एकदमै सकारात्मक काम हो ।

राजविराज नगरपालिका पनि जथाभावी पार्किङलाई व्यवस्थित बनाउनमा चासो लिएर आवश्यक पर्ने सामग्रीहरु राजविराज ट्राफिक कार्यालयलाई उपलब्ध गराएर ट्राफिक व्यवस्थापन सन्दर्भमा सूचना पनि जारी गरिसकेको छ । यस्ता सकारात्म काममा राजविराज नगरपालिकाको सूचना बमोजिम तोकिएको ‘गाईडलाईन’ पालना गरी सबैले आ-आफ्नो स्तरबाट सहयोग गर्दै ट्राफिक व्यवस्थापनमा सहयोग गर्न आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# वनक्षेत्रबाट विस्थापित हुँदै आदिवासी समुदाय

*- कुम्भराज राई*

काठमाडौं, १ फागुन (रासस) ।

वि.सं २०७७ साउन ३ गते चितवनको माडी नगरपालिका-९ कुसुमखोलामा बसोबास गर्दै आएका १० भन्दाबढी चेपाङ समुदायको घर हात्ती लगाएर भत्काउँदै जलाइयो । उक्त कार्यमा चितवन राष्ट्रिय निकुञ्जका सहायक वार्डेनको टोलीसहित सेनाको सङ्लग्नता थियो । निकुञ्जको जग्गा मिचेको आरोपसहित उनीहरूको बस्तीमा आगो लगाइएको थियो ।

सो घटनापश्चात विभिन्न मानवअधिकारवादी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाले आपत्ति जनाए । माडी नगरपालिकाले एक सय ६० घरधुरी चेपाङलाई नयाँ बस्तीमा स्थानान्तरण गरे पनि अझै केही घर पुरानै क्षेत्रमा छन् । “चेपाङहरू जङ्गल आसपास बस्न मन पराउने भएकाले केही घरधुरीलाई हामीले अनुरोध गर्दा पनि सर्न मान्नुभएको छैन”, सो वडाका वडाध्यक्ष घनश्याम दवाडीले भन्नुभयो, “अहिले पनि वर्षमा एक(दुई पटक निकुञ्जले हात्ती लैजाने, हटाउने प्रयास गरिरहेको छ ।” सो घटनामा दूधे बालक र वृद्धवृद्धासहित ५२ जनाको बिल्लीबाठ भएको थियो ।

त्यस्तै २०७७ साउन १ मा चितवनको राप्ती नगरपालिका(२ का २४ वर्षीय राजकुमार चेपाङसहित सातजना घोंगी टिप्न निकुञ्ज प्रवेश गरेका थिए । उनीहरूलाई नेपाली सेनाले पक्राउ गरी कुटपिट गर्दा त्यसको सात दिनपछि राजकुमारको मृत्यु भयो । अम्बा, निबुवाजस्ता जङ्गली फलफूल र घोंगी टिप्न निकुञ्ज क्षेत्र प्रवेश गरेका उनीहरूलाई निकुञ्जको सुरक्षार्थ खटिएका सेनाले अमानवीय यातना दिएका थिए ।

पछि उच्च अदालत हेटौँडाले कुटपिटमा सङ्लग्न नेपाली सेनाको तत्कालीन सिद्धिबक्स गणका हुद्दा चिरणकुमार बुढालाई जन्मकैदको फैसला गरे पनि घटनामा सङ्लग्न अन्य सेनाले छुट पाए । तर जीविकाकै लागि निकुञ्ज प्रवेश गरेका राजकुमारले ज्यान गुमाए । यस्ता घटना धेरै छन्, कमै मात्र सार्वजनिक हुने गर्दछन् ।

चेपाङलगायत अधिकांश आदिवासी जनजाति समुदाय जल, जमिन र जङ्गलसँग निकट मानिन्छन् । प्राकृतिक स्रोत साधनमा निर्भर यो समुदायले विज्ञान प्रविधिभन्दा रैथाने ज्ञान, प्रथा, परम्परालाई बढी महत्व दिन्छन् ।

अन्तर्राष्ट्रिय सन्धि, महासन्धिसमेतले आदिवासी समुदायको जल, जमिन र जङ्गल उपयोग गर्न पाउने अधिकार सुनिश्चित गरेको छ । नेपालले त्यस्ता महासन्धिमा पक्ष राष्ट्रको रूपमा हस्ताक्षर गरेको छ । तर, नेपालकै ‘राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९’ले वर्षौंदेखिको आदिवासी समुदायको अधिकार हनन् गर्दै आएको छ ।

विसं २०७८ को जनगणनाअनुसार कूल जनसङ्ख्याको ३५ दशमलव ०४ प्रतिशत रहेको आदिवासी जनजातिको अधिकार पटकपटक खोसिरहेका छन् । कतिपय कानुनमै समस्या रहेको छ भने कतिपय अवस्थामा त्यसको कार्यान्वयन फितलो हुँदा पीडितले न्याय पाउन सकेका छैनन् ।

**शिकार आरक्षमा झनै समस्या**

मुलुकको एकमात्र शिकार आरक्ष हो ढोरपाटन शिकार आरक्ष । २०३९ सालमा यो आरक्ष स्थापना गरिँदा त्यहाँका आदिवासी जनजाति मगर समुदायको भूमि कब्जा गरिएको थियो । त्यतिखेर पञ्चायतकालीन समयमा असन्तुष्टि व्यक्त भए पनि आन्दोलनको रूप लिन सकेन ।

त्यहाँ बाग्लुङको चार, रुकुमको सात र म्याग्दीको तीन वटा गरी १४ वटा गाविस हडप्ने काम गरियो । यसका कारण स्थानीयले समस्या भोग्न थाले । उनीहरूले शिकार आरक्षप्रति असन्तुष्टि जनाउँदै ढोरपाटन शिकार आरक्षको खारेज गरी सामुदायिक स्व( व्यवस्थापनमा रूपान्तरण गर्न, आरक्षको सुरक्षार्थ नाममा नेपाली सेनाको क्याम्प स्थापना गर्ने सरकारी निर्णय खारेजको माग राख्दै आएका छन् ।

आदिवासीहरूको मानव अधिकारको सम्मानलगायतका मागसहित स्थानीयवासीले २०७२ सालपछि विभिन्न आन्दोलन गर्दै आएका छन् । सो क्षेत्रमा मध्यवर्ती क्षेत्र स्थापना गर्ने भनिए पनि स्थानीयवासीले सिधै शिकार आरक्ष खारेजीको माग गरेका छन् ।

केही समयअघि प्राकृतिक स्रोत संरक्षणविज्ञ डा कमल थापा र अधिवक्ता इन्दिराकुमारी श्रीस मगरले गरेको एक अध्ययनले पनि यसक्षेत्रको पारिस्थितिकीय प्रणाली सुधार गर्न पुराना संरक्षणका रणनीति तथा अभ्यासहरू काम नलाग्ने निष्कर्ष निकालिएको थियो । आदिवासी रैथाने ज्ञानलाई मिचेर बनाइएको शिकार आरक्ष क्षेत्रले आम्दानीको तुलनामा घाटा बढी व्यहोरेको छ भने जङ्गली जनावरको सङ्ख्यामा पनि उत्साहजनक वृद्धि देखिएको छैन ।

इन्डिजिनियस वुमन लिगल अवेयरनेस ग्रुप (इनोल्याग) की अध्यक्षसमेत रहनुभएकी अधिवक्ता इन्दिरा श्रीस मगर भन्नुहुन्छ, “राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन नै संशोधन हुनुपर्छ । आदिवासी अधिकारको पक्षबाट हेर्दा भूमीको पुनःव्यवस्थापन हुनुपर्थ्यो, त्यो भएन । हामीसँग जग्गा प्राप्ति ऐनहरू पनि छन् । निकुञ्ज गठन गर्दा स्थानीयको जग्गा चाहिएमा उनीहरूलाई छुट्टै जग्गा दिनुपर्ने व्यवस्था छ तर कतै कार्यान्वयन भएको छैन ।”

उहाँले नियमावली, निर्देशिका बनाएर सानोतिनो काम भएपनि मुख्य समस्या ऐनमै रहेको बताउनुभयो । “संरक्षणको नाममा आदिवासी समुदायलाई विस्थापित गर्नु हुँदैन,” उहाँले भन्नुभयो, “कम्तिमा नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय महासन्धि आइएलओ १६९, युनड्रिप धारा २८ लगायतको कार्यान्वयन गर्नुपर्छ ।”

हालै मात्र इनोल्यागले ढोरपाटन शिकार आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, कोशी टप्पु वन्यजन्तु आरक्ष, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज गरी चार ठाउँमा अध्ययन गरेको छ । उक्त संस्थाले ती चारवटै क्षेत्रमा आदिवासी महिला मानवअधिकार रक्षक समूहसमेत गठन गरेको छ । ती क्षेत्रमा बस्ने आदिवासी महिलाहरूले घाँस, दाउरा, गोठालालगायतका जीविकासँग सम्बन्धित क्रियाकलापमा संलग्न हुँदा विभिन्न हिंसा भोग्दै आएकाले अधिकारका लागि रक्षक समूह गठन गरेको संस्थाले जनाएको छ ।

**उपेक्षामा आदिवासी**

समाजशास्त्री डा मीना पौडेल करिब २५ वर्षअघि नवलपरासीको नारायणी नदी किनार क्षेत्रमा बसोबास गर्ने बोटे समुदायमा पुग्नुभएको थियो । त्यतिखेर उनीहरू भर्खरै चितवन राष्ट्रिय निकुञ्जबाट विस्थापित भएपछि नारायणी नदी किनारमा बसोबास गरेका थिए । “उनीहरूको एउटै माग थियो । हामीलाई जहाँ सारिए पनि नदी खोलामा माछा मार्नु पाउनुपऱ्यो । हामी अरू काम गर्न जान्दैनौँ”, ती दिन स्मरण गर्दै पौडेलले भन्नुभयो, “तर पछि विभिन्न ऐन कानुन देखाएर उनीहरूलाई माछा मार्न प्रतिबन्ध लगाइयो ।” तिनै बोटे समुदायका अधिकांश युवा अहिले वैदेशिक रोजगारीमा पुगेको उहाँ बताउनुहुन्छ । “गाउँमा भएका केहीले त्यहीँ नजिकै स्थापना भएको चाउचाउ उद्योगमा काम गर्छन्”, उहाँले भन्नुभयो, “राज्यले आदिवासीलाई हेर्ने दृष्टिकोण सधैँ उपेक्षित देखिन्छ ।”

**मेरापिकमा महासङ्घको आपत्ति**

सरकारले सोलुखुम्बुको महाकुलुङ, सोताङ र माप्य दूधकोशी गाउँपालिकालाई समेटेर मेरापिक राष्ट्रिय निकुञ्ज घोषणा गर्ने तयारी गरेको छ । उक्त कार्य

***बाँकी तीन पृष्ठमा***

## माईग्रेशन सर्टिफिकेट हराएको सूचना

हाल खडक नगरपालिका वडा नं. ५ (साविक खोजपुर गाविस वडा नं. ७) निवासी **राम कुमार चौधरी**को रजिष्ट्रेशन नं. ११८-४-२-०६०९६-२०१० भएको पूर्वाञ्चल युनिभरसिटीको माईग्रेशन सर्टिफिकेट २०८१ कार्तिक २५ गते हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८४२८२२०८५ मा सम्पर्क गर्नुहोला ।

**नाम : राम कुमार चौधरी**
**ठेगाना :** खडक नगरपालिका वडा नं. ५, **(साविक खोजपुर गाविस वडा नं. ७), सप्तरी**
**रजिष्ट्रेशन नं. : ११८-४-२-०६०९६-२०१०**
**सि.नं. : २२४०/२०१७**

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सीतापुर, सप्तरी**

## वनक्षेत्रबाट...

सरोकारवाला आदिवासी जनजाति समुदायसँगको परामर्शबिना हुन लागेको महासङ्घले जनाएको छ । महासङ्घले गत कात्तिक २३ गते उक्त प्रस्ताव कार्यान्वयन नगर्न माग गर्दै वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीलाई ज्ञापनपत्र बुझाएको थियो ।

नेपालको संविधानको धारा ५१(ञ) को ८, जैविक विविधता महासन्धि १९९२, आइएलओ महासन्धि १६९ लगायतमा उल्लेख भए विपरीत सरकारले एकलौटी ढङ्गबाट मेरापिक राष्ट्रिय निकुञ्ज घोषणा गर्ने तयारी गरेको आदिवासी जनजाति महासङ्घका नेताहरू बताउँछन् ।

"आदिवासी जनजातिहरूको प्रथा जनित अभ्यास र परम्परागत जीवनपद्धतिलाई उपेक्षा गर्दै आदिवासी जनजातिहरूको प्राकृतिक स्रोत साधनको उपयोगमा बन्देज लगाउँदै राज्यले राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षित क्षेत्र र शिकार क्षेत्रहरू घोषणा गरिरहने र आदिवासी जनजातिहरूको मानवअधिकार उल्लङ्घन गर्ने काम भइरहेको छ", महासङ्घका महासचिव दिवस राईले भन्नुभयो, "हाल सोलुखुम्बुमा घोषणा गर्न लागिएको राष्ट्रिय निकुञ्जले हामी आदिवासी जनजातिको थातथलो खोसिन लागेकोप्रति सशङ्कित र आतङ्कित बनाएको छ ।"

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक रामचन्द्र कँडेलले भने नयाँ निकुञ्ज गठन नभएर त्यसक्षेत्रको व्यवस्थापनमा कठिनाइ भएकाले त्यसलाई निकुञ्ज क्षेत्र जसरी व्यवस्थित गर्न खोजिएको मात्र बताउनुभयो । त्यसक्षेत्रको पर्यटकीय सम्भावनालाई उजागर गर्न विभागले प्रस्ताव गरेको उहाँको भनाइ छ ।

महानिर्देशक रामचन्द्र कँडेल आवश्यक भएमा 'राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९' परिमार्जन गर्न सकिने बताउहुन्छ । "ऐनमा केले अप्ठ्यारो पारेको छ, त्यो विषय प्राप्त भएमा हामी संशोधन गर्न तयार छौँ" उहाँले भन्नुभयो, "हामीले जनताको सर्वोच्चतालाई कायम गरेर काम गरिरहेका छौँ ।

नेपालमा १२ राष्ट्रिय निकुञ्ज, १ वन्यजन्तु आरक्ष, १ शिकार आरक्ष, ६ संरक्षण क्षेत्र तथा १३ मध्यवर्ती क्षेत्र छन् । ती सबै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग मातहत सञ्चालित छन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अनुसार विभागले काम गर्दै आएको छ ।

मानवअधिकार तथा नेपाली आदिवासी समुदायका कानुन व्यवसायीहरूको सङ्गठन (लाहुर्निप) का अध्यक्ष दिनेशकुमार घले नेपालको संविधानअनुसार मुलुक सङ्घीय संरचनामा गए पनि २०८९ सालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनका प्रावधान परिवर्तन नभएको बताउनुहुन्छ ।

"कतिपय ऐनका प्रावधानहरू संविधानभन्दा माथि छन्, समयसापेक्ष ढङ्गले विकासका अवधारणाहरू परिवर्तन हुँदै आए", उहाँले भन्नुभयो, "विश्वव्यापीकरण र मानवअधिकारका दृष्टिकोणलाई समावेश गरेर परिमार्जन गर्न जरुरी छ । त्यस्ता ऐनहरू अत्यन्तै केन्द्रिकृत र निरकुंश छ ।"संविधानले सुनिश्चित गरेको हकहरू, अन्तर्राष्टिय कानुनलाई ती ऐनले सम्बोधन नगरेको उहाँको ठम्याइ छ । ती ऐन परिमार्जन गर्ने कुरामा सरकार गम्भीर नभएको उहाँ बताउनुहुन्छ । अन्तर्राष्टिय कानुनले दिएका अधिकारहरू कार्यान्वयन गर्दा आदिवासी समुदायको सांस्कृतिक, आध्यात्मिक, भाषिक, पहिचानको कुरालाई पनि ख्याल गर्नुपर्ने उहाँले बताउनुभयो ।

लाहुर्निपकै उपाध्यक्ष शंकर लिम्बू नेपालका अधिकांश राष्ट्रिय निकुञ्जहरू आदिवासी जनजाति समुदायलाई विस्थापित गरी स्थापना गरिएको बताउनुहुन्छ । विगतमा चितवन राष्ट्रिय निकुञ्ज लगायतमा घटेका घटनालाई उहाँ नेपाल पक्ष रहेको 'सबै प्रकारको नश्लीय विभेद उन्मूलन गर्ने महासन्धि १९६५ को धारा १' अनुसार यो नश्लीय विभेद भएको बताउनुहुन्छ । उहाँले आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र २००७ को धारा ८ अनुसार व्यक्ति हत्या तथा घर जलाउने कार्य जनजातीय संहारको परिभाषा भित्र पर्नेसमेत जिकिर गर्नुभयो ।

**के छ अन्तर्राष्ट्रिय कानुनमा ?**

नेपालले विभिन्न संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रहरूमा पक्ष राष्ट्रको रूपमा हस्ताक्षर गरेको छ । त्यसरी पक्ष राष्ट्रको रूपमा हस्ताक्षर गर्नुको अर्थ ती अन्तर्राष्ट्रिय कानुनहरूको पालना गर्छु भन्नु हो । आदिवासी समुदायका अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (युएन ड्रिप) को धारा २८ आदिवासी समुदायलाई कुनै कारणले विस्थापित गरिएमा उनीहरूको जग्गा वा भूमि कब्जा गर्दा पूर्व जानकारी गराउनुपर्ने वा सहमति लिनुपर्ने र न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने, त्यसरी राज्यले क्षतिपूर्ति उपलब्ध गराउँदा उनीहरूको परम्परामा ख्याल गरी भएको क्षति पूर्ति हुने किसिमको उपलब्ध गराउनुपर्ने उल्लेख छ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि नं. १६९ मा आदिवासी तथा जनजातिका अधिकार, चाहना र आकांक्षालाई राज्यको नीति, कानुन र संरचनामा सम्बोधन गर्ने, मुलुकका अन्य समुदायसँग समान अधिकार उपयोग गर्ने व्यवस्था सुनिश्चित गर्ने, आदिवासी तथा जनजातिका सामाजिक, आर्थिक र सांस्कृतिक अधिकार पूर्णरूपमा उपयोग गर्नका लागि प्रवर्द्धन गर्नेलगायत उल्लेख छन् ।

## नागरिकलाई...

यात्रा नगर्न हुन र रोजगारीको प्रस्ताव स्वीकार गर्नु अघि विदेशस्थित सम्बन्धित नेपाली नियोगमार्फत बिदेशी फर्म/कम्पनी/रोजगारदाताहरूको बारेमा पर्याप्त जानकारी लिन तथा व्यक्तिगत रुपमा ति फर्म/कम्पनी/रोजगारदाताहरूको वेवसाइट चेकजाँच गर्न प्रशासनले जारी गरेको सूचनामा उल्लेख छ ।

## सार्वजनिक...

आन्दोलन चर्काउने चेतावनी समेत उनले दिए ।

कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत डा.श्रवण साहले नगरपालिकाको आ.व.२०८०/०८१ मा संचालन हुने आयोजना बारे विस्तृत विवरण सार्वजनिक गरे ।

कार्यवाहक नगरप्रमुख इसर परवीनको अध्यक्षता तथा जिल्ला सम्वन्य समिति सप्तरीका प्रमुख शिवनारायण साहको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा जिल्ला समन्वय अधिकारी कुन्दन कर्ण लगायतले पनि आ(आफनो सुझाव राखेका थिए ।

## मालपोत कार्यालय कन्चनपुर, सप्तरीबाट [illegible] जग्गा दर्ता सहित नामसारी हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सुचना

मिति: २०८१/१०/२७

सप्तरी जिल्ला १ नं. जोगिनियाँ वा.नं. १ हाल परिवर्तित जोगिना हनुमाननगर कङ्कालिनी न.पा. वा.नं. ४ बस्ने डम्बर लगरवार, सरयुग लगरवार र अवध नारायण लगरवार समेत ३ जनाले हाम्रो बुवा बाबुजी लगरवारको नाममा तपसील बमोजिमको जग्गा रहेकोमा बाबुजी लगरवारको मिति २०७२।६।२१ मा, निजको एकमात्र पत्नि कमली देवी पनि मिति २०३३ सालमा मृत्यू भएको, निजहरुको अविवाहित छोरीहरु कोही नभई तीन मात्र छोराहरु हामी निवेदकहरु डम्बर लगरवार, सरयुग लगरवार र अवध नारायण लगरवार मात्र रहेकोले हाम्रो नाममा छुट जग्गा दर्ता गरी नामसारी गरी पाऊँ भन्ने व्यहोरा खुलाई यस कार्यालयमा द.नं. १६१२ मिति २०८१।६।२१ मा निवेदन मागदावी गरेकोमा निवेदकहरुको नाममा छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी प्रमाणपूर्जा दिन नमिल्ने कुनै कारण भए वा माग निवेदन बमोजिम छुट जग्गा दर्ता नामसारी हुनु नपर्ने कुनै कारण भए सरकारी, सार्वजनिक, पर्ती, ऐलानी, गुठी लगायत अन्य सॉध सँधियारको जग्गा घुसी घुसाई नाँप जाँच भएको भए वा कसैले उल्लिखित जग्गाको हकमा दर्ता नामसारीको लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए वा उल्लिखित किता जग्गाहरुको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना टाँस प्रकाशन भएको मितिले बाटोको म्यादबाहेक ३५ (पैतीस) दिन भित्र लेखिए बमोजिमको जग्गाको स-प्रमाण सहित यस कार्यालयमा उजूर/दावी गर्न आउनुहोला । तोकिएको म्यादभित्र कोही कसैको उजूर/दावी पर्न नआए माग दावीलाई स्वीकार गरेको मानी कानुन बमोजिम छुट जग्गा दर्ता नामसारी भई जाने र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराइन्छ ।

तपसील

| मृतक ज.ध. | ज.ध .को बाबूको नाम | ज.ध. को बाजेको नाम | जिल्ला | गा.वि.स. | वा.न. | कि.न. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| बाबुजी लगरवार | | | सप्तरी | मधुवापुर | ३ | २०५ | ०-११-१ | फिल्डबूक उतारको कैफियत महलमा यो जग्गा पं जोगिनियाँ वार्ड नं. १ बस्ने बाबुजी लगरवारको नम्बरी हो उल्लेख रहेको । |
| | | | सप्तरी | मधुवापुर | ३ | २१० | ०-११-१५ | |

मालपोत अधिकृत
मालपोत कार्यालय,
कन्चनपुर, सप्तरी

## विश्व समाचार

## उत्तर कोरियाले पारिवारिक पुनर्मिलन केन्द्र भत्काउँदै छ : सियोल

सियोल, १ फागुन (रासस/एएफपी) ।

उत्तर कोरियाले कोरियाली युद्ध र देशको विभाजनबाट छुट्टिएका परिवारहरूको भावुक पुनर्मिलनको आयोजना गर्ने ठाउँलाई भत्काउन थालेको सियोलले बिहीबार बताएको छ ।

उत्तर कोरियाको कुमगाङ पर्वतमा सन् २०१८ मा अन्तिम पटक भएको पुनर्मिलन कोरियाली प्रायद्वीपको विभाजनको विनाशकारी मानवीय मूल्यको प्रमाण थियो । तर यी भेटघाटहरू अन्तर(कोरियाली राजनीतिको अधीनमा थिए र प्योङयाङद्वारा प्रायः वार्ताको साधनका रूपमा प्रयोग गरिन्थे ।

"माउन्ट कुमगाङ पुनर्मिलन केन्द्रको विध्वंस छुट्टिएका परिवारहरूको हार्दिक इच्छालाई कुल्चने अमानवीय कार्य हो", सियोलको एकीकरण मन्त्रालयका प्रवक्ताले भने, "दक्षिण कोरियाले यस्ता कार्यहरू तत्काल रोक्न कडा आग्रह गर्दछ र कडा खेद व्यक्त गर्दछ, उत्तर कोरियाको एकपक्षीय विध्वंस कुनै पनि बहाना अन्तर्गत उचित हुन सक्दैन र उत्तर कोरियाली अधिकारीहरूले यस अवस्थाको लागि पूर्ण जिम्मेवारी लिनुपर्छ ।"

सन् १९८८ देखि करिब एक लाख ३० हजार दक्षिण कोरियालीले आफूलाई 'छुट्टिएका परिवार' का रूपमा दर्ता गराएका छन् । सन् २०२५ सम्म आधिकारिक तथ्याङ्क अनुसार ती व्यक्तिहरू मध्ये करिब ३६ हजार जना अझै जीवित छन् ।

पचहत्तर प्रतिशतले आफ्ना आफन्तहरू जीवित छन् वा मृत छन् भन्ने थाहा नभएको बताएका छन् । केही भाग्यमानीलाई माउन्ट कुमगाङ रिसोर्टमा आयोजना गरिने सीमापार पुनर्मिलनमा भाग लिन छनोट गरिएको थियो ।

**- जीवनभरका लागि विछोड**

उत्तर र दक्षिण कोरियाले पहिलो यस्तो पुनर्मिलन सन् १९८५ मा गरेका थिए, तर त्यस वर्षको पहिलो अन्तर(कोरियाली शिखर सम्मेलनपछि सन् २००० मा मात्र तिनीहरू नियमित कार्यक्रम बने ।

पुनर्मिलनहरू परिवारहरू रुँदै पुनर्मिलन हुने र छोटो दिनको भेटघाट पछि बिछोड हुने भावनात्मक दृश्यहरूले चिनिन्थे ।

उत्तर कोरियाले गत वर्ष संयुक्त राष्ट्रसङ्घको प्रतिबन्धको उल्लङ्घन गर्दै ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेपछि दुई कोरियाबीचको सम्बन्ध अहिले सबैभन्दा तल्लो विन्दुमा पुगेको छ ।

उत्तर कोरियाली नेता किम जोङ उनले गत वर्ष सियोललाई आफ्नो 'प्रमुख शत्रु' घोषणा गर्नुभयो र आफ्नो सरकारको लामो समयदेखि रहेको पुनः एकीकरणको लक्ष्यलाई त्याग्नुभयो ।

प्योङयाङले कार्यकर्ताहरूद्वारा उत्तरतर्फ पठाइएका प्योङयाङ(विरोधी प्रचार पत्रहरूको बदलामा भन्दै फोहोर बोकेका बेलुनहरू दक्षिणतर्फ पठाएको छ ।

पुनर्मिलन कार्यक्रम प्रभावकारी रूपमा रोकिइसकेको छ जसले गर्दा हजारौँ छुट्टिएका परिवारलाई आफ्ना प्रियजनहरूलाई फेरि भेट्ने आशा क्रमशः कम हुँदै गएको छ ।

## युक्रेन शान्ति शिखर सम्मेलनपछि अमेरिका र रुसले थप कुरा गरेकोमा चीन 'खुसी'

बेइजिङ, १ फागुन (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेन शान्ति वार्ताका लागि आफ्ना रुसी समकक्षीलाई भेट्ने अपेक्षा गरेको बताएपछि चीनले बिहीबार अमेरिका र रुसले 'सञ्चारलाई बलियो बनाएको' देखेर 'खुसी' भएको बताएको छ ।

ट्रम्पले बुधबार भ्लादिमिर पुटिनसँग 'लामो र अत्यधिक उत्पादनशील' कुराकानी गरेको र युद्ध अन्त्य गर्न वार्ता 'तुरुन्तै' सुरु गर्न सहमत भएको बताउनुभएको थियो । अमेरिकी राष्ट्रपतिको ह्वाइट हाउसमा पुनरागमनपछिको यो उहाँहरूको पहिलो पुष्टि भएको सम्पर्क थियो ।

"रूस र संयुक्त राज्य अमेरिका दुवै प्रमुख प्रभावशाली देशहरू हुन् । चीन रूस र अमेरिकाले विभिन्न अन्तर्राष्ट्रिय मुद्दामा सञ्चार र संवाद बलियो बनाएको देखेर खुशी छ", विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले नियमित प्रेस ब्रिफिङमा भन्नुभयो ।

बिहीबार बेइजिङ र वासिङ्टनका नाम नखुलाइएका स्रोतहरूलाई उद्धृत गर्दै वाल स्ट्रिट जर्नलले चिनियाँ अधिकारीहरूले हालै मध्यस्थहरू मार्फत ट्रम्प र पुटिनबीच शिखर सम्मेलनको प्रस्ताव गर्न अमेरिकी प्रशासनसँग सम्पर्क गरेको बताएको थियो ।

उक्त प्रस्तावले कथित रूपमा 'सम्भावित युद्धविरामपछि शान्ति स्थापना प्रयासहरूलाई सहज बनाउने' तर विशेष गरी युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीलाई समावेश नगर्ने अमेरिकी दैनिकले जनाएको छ । ह्वाइट हाउसका एक अधिकारीले बेइजिङको प्रस्तावलाई 'पूर्णतया अव्यावहारिक' भन्दै खारेज गरेको जर्नलले जनाएको छ ।

प्रेस ब्रिफिङमा यस रिपोर्टको बारेमा सोधिएको प्रश्नमा, गुओले आफूसँग कुनै जानकारी नभएको बताउनुभयो ।

अस्थिर सम्बन्धको इतिहास भएका लामो समयदेखिका समाजवादी मित्रराष्ट्रहरू चीन र रूस हालका वर्षहरूमा कूटनीतिक, सैन्य र आर्थिक क्षेत्रहरूमा नजिक आएका छन् ।

सन् २०२२ मा मस्कोले युक्रेनमाथि पूर्ण(स्तरको आक्रमण सुरु गरेदेखि बेइजिङले द्वन्द्वमा आफूलाई तटस्थ पक्षको रूपमा चित्रण गर्न खोजेको छ ।

अमेरिकासहितका पश्चिमी राष्ट्रहरूले युक्रेनलाई समर्थन गरेका छन् र रुसको निन्दा गर्न अस्वीकार गरेको चीनको आलोचना गरेका छन्, तर ट्रम्प सत्तामा फर्किएपछि वासिङ्टनको स्थितिमा शङ्का उत्पन्न भएको छ ।

# नसर्ने रोगविरुद्धको 'स्क्रिनिङ' अभियान सफल बनाउन मन्त्री पौडेलको अनुरोध

काठमाडौँ, १ फागुन (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले नसर्ने रोगहरूविरुद्ध निरोधात्मक विधि प्रवर्द्धन गर्ने उद्देश्यले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आजदेखि आरम्भ गरेको निःशुल्क 'स्क्रिनिङ'अभियान सफल बनाउन सम्बद्ध सबैमा आग्रह गर्नुभएको छ।

आज एक सन्देश जारी गर्दै उहाँले देशमा हुने मृत्युको लगभग तीन चौथाइ अनुपात नसर्ने रोगले ओगटेको तथा त्यसमा जलवायु परिवर्तन र बढ्दो सहरीकरणका कारण थप जटिलता थपिएको उल्लेख गर्नुभएको छ।

यो समस्यालाई सम्बोधन गर्न सामुदायिक सहभागिता सहित अभियानका रुपमा स्थानीय तहबाट स्वास्थ्य प्रवर्द्धनात्मक, प्रतिकारात्मक एवं उपचारात्मक सेवालाई व्यवस्थित गर्न आवश्यक भएको महसुस गरेपछि आफूले सार्वजनिक गरेको योजना तथा प्राथमिकतामा उपचारात्मक सेवा व्यवस्थित गरेसँगै निरोधात्मक विधिबाट नागरिकलाई रोगको दुष्चक्रबाट यथासम्भव जोगाउने योजना बनाएको उहाँले सन्देशमा उल्लेख गर्नुभएको छ।

"हामीले हाम्रा स्वास्थ्य संस्थामा सेवा तथा उपचारको गुणस्तर अभिवृद्धिका लागि यथासम्भव प्रयत्नहरू गरिरहेका छौँ", उहाँले भन्नुभएको छ, "साथसाथै निरोधात्मक विधिअन्तर्गत नागरिकको आधारभूत स्वास्थ्य परीक्षण अनि सचेतनाका माध्यमबाट सकेसम्म रोग लाग्नै नदिने तथा लागेको खण्डमा समयमै उपचारबाट नागरिकको स्वास्थ्य र नागरिक तथा राज्य दुवैको धनराशि जोगाउने हाम्रो प्रयत्न जारी छ।"

अभियानअन्तर्गत ३० वर्षभन्दा माथिका नागरिकलाई हरेक स्थानीय तहका स्वास्थ्य संस्थामा मधुमेह, उच्च रक्तचाप, मिर्गौलासम्बन्धी रोग एवं शरीरको उचाइ र तौलको अनुपात समयमै पहिचान गरी उल्लेखित नसर्ने रोगहरूको रोकथाम तथा व्यवस्थापन गर्ने लक्ष्यका स्क्रिनिङ गरिनेछ।

मन्त्रालयले हरेक वर्ष यो अभियानलाई निरन्तरता दिने भएको छ। मन्त्री पौडेलले नेपालमा नसर्ने रोगको भार कम गर्न र स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने कार्यमा हातेमालो सबैमा सन्देशमार्फत स्वास्थ्यमन्त्रीले अनुरोध गर्नुभएको छ।

# सामाजिक उत्तरदायित्वमा माथिल्लो त्रिशूली विद्युत् आयोजनाको १७ करोड

काठमाडौँ, १ फागुन (रासस)।

रसुवामा निर्माणाधीन २१६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाले प्रभावित क्षेत्रमा सामुदायिक सहयोग कार्यक्रममार्फत हालसम्म करिब रु १७ करोड खर्च गरेको जनाएको छ।

आयोजनाको प्रवर्द्धक नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व र आदिवासी समुदाय योजना कार्यक्रमअन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी, सडक पूर्वाधार, संस्कृति जगेर्ना, राहत वितरण, जीविकोपार्जन तथा आयआर्जन वृद्धिलगायतका कार्यक्रममार्फत प्रभावित क्षेत्रमा सहयोग गर्दै आएको प्राविधिक निर्देशक गिरिराज अधिकारीले जानकारी दिनुभयो।

कोरियन कम्पनीको अगुवाइमा प्रत्यक्ष वैदेशिक लगानीमा रसुवाको आमाछोदिङमो गाउँपालिका-१ हाकुमा आयोजनाको बाँधलगायत संरचना र उत्तरगया गाउँपालिका-१ मा भूमिगत विद्युत्गृहलगायत संरचना निर्माणाधीन छन्। उत्पादित विद्युत् आन्तरिक खपतका लागि प्रयोग हुने माथिल्लो त्रिशूली-१ प्रत्यक्ष वैदेशिक लगानीमा निर्माणाधीन सबैभन्दा ठूलो आयोजना हो।

विसं २०७२ सालको भूकम्पबाट नराम्ररी प्रभावित भएको आयोजना क्षेत्रमा कम्पनीले भूकम्प पीडितहरूलाई राहत सामग्री वितरण तथा अस्थायी आवास निर्माण, विद्यालय एवं स्वास्थ्य संस्थाहरूको भवन निर्माण, हेलिकोप्टरमार्फत उद्धार, स्वास्थ्य शिविरलगायत कार्यक्रम सञ्चालन गरेको थियो।

आयोजना प्रभावित आदिवासी समुदायको थातथलो, वातावरण र उनीहरूको सांस्कृतिक विशेषतालाई ध्यान दिएर छुट्टै योजना कार्यान्वयनमा ल्याएको कम्पनीले जनाएको छ। उक्त योजनामार्फत समुदाय आफैँले छनोट गरेका कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरिएको छ। यसमार्फत हालसम्म रु दुई करोड बढी खर्च गरिएको जनाइएको छ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत बायोङ सु मिनले आयोजना प्रभावितहरूको आर्थिक तथा सामाजिक अवस्था सुधार, रोजगारी एवं जीविकोपार्जन, त्यस क्षेत्रको विकास जस्ता विषयलाई विशेष ध्यान दिएर सामुदायिक सहयोग कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो। आयोजनाले स्थानीय बासिन्दाको मागबमोजिम प्राथमिकताका आधारमा योजना छनोट गरी सहयोग कार्यक्रम सञ्चालन गरिरहेको र यसलाई निरन्तरता दिइने उहाँले बताउनुभयो।

आयोजनाले हाकुबेँसीमा त्रिशूली नदीमा बेलीब्रिज निर्माण गर्न रु सात करोड ८६ लाख १४ हजार खर्च गरेको छ। पुल निर्माणपछि आमाछोदिङमो गाउँपालिका-१ र २ नम्बर वडास्थित हाकु क्षेत्रका बासिन्दाको सडक पहुँच स्थापित भई सदरमुकाम धुन्चे, नुवाकोट र काठमाडौँतर्फ आवतजावत गर्न सहज भएको छ। प्रभावित क्षेत्रमा सडक निर्माणका लागि रु १८ लाख ५७ हजार खर्च गरिएको छ। यसका अतिरिक्त धुन्चे खोलडोल सडक निर्माणका लागि थप रु ७० लाख खर्च भएको जनाइएको छ।

प्रभावित क्षेत्रको शैक्षिक सुधारका लागि विद्यालय भवन निर्माण, शैक्षिक सामग्री वितरणलगायत काम भएका छन्। साथै हाकुस्थित तीनवटा विद्यालयलाई सन् २०१८ देखि एक/एकजना शिक्षक उपलब्ध गराइएको छ। आयोजनाले त्यस क्षेत्रका आदिवासी जनजातिको सांस्कृतिक रीतिरिवाज संरक्षण र प्रवर्द्धनका लागि गुम्बालगायत भवन निर्माण र अन्य कार्यक्रममा सहयोग गर्दै आएको प्राविधिक निर्देशक अधिकारीले जानकारी दिनुभयो।

आयोजनाको प्रवर्द्धक नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीमा कोरियन सरकारको स्वामित्वमा रहेको कोएन, विश्व बैङ्क समूहअन्तर्गतको अन्तर्राष्ट्रिय वित्त निगमलगायतको शेयर लगानी छ। आयोजनाका लागि ७० प्रतिशत ऋण र ३० प्रतिशत 'इक्विटी'बाट जुटाउने गरी वित्तीय व्यवस्थापन गरिएको छ। कुल अनुमानित लागत ६४ करोड ७३ लाख अमेरिकी डलर (निर्माण अवधिको ब्याजसहित) रहेको आयोजनामा नौ अन्तरराष्ट्रिय वित्तीय संस्थाले ४५ करोड ३२ लाख अमेरिकी डलर लगानी गर्ने सम्झौता गरेका छन्। बाँकी रकम इक्विटीबाट जुटाइएको छ।

आयोजनाबाट वार्षिक रूपमा एक अर्ब ५३ करोड ३१ लाख युनिट ऊर्जा उत्पादन हुनेछ। कुल वार्षिक ऊर्जामध्ये ३८ दशमलव ७५ प्रतिशत हिउँदयाममा र ६१ दशमलव २५ प्रतिशत वर्षायाममा उत्पादन हुने जनाइएको छ। उत्पादित ऊर्जा नेपाल विद्युत् प्राधिकरणले निर्माण गरिरहेको त्रिशूली-३ 'बी' हब सबस्टेसनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह हुनेछ। कम्पनी र प्राधिकरणबीच विद्युत् खरिद( बिक्री सम्झौता सम्पन्न भइसकेको छ।

काठमाडौँ लोडसेन्टरबाट नजिक रहेको र विद्युत्को अत्यधिक माग हुने हिउँदमा समेत १०४ मेगावाट विद्युत् प्राप्त हुने भएकाले मुलुकको विद्युत् प्रणालीका लागि आयोजना अत्यन्तै आकर्षक मानिएको छ। आयोजनाबाट वर्षभरि नै १०४ मेगावाट स्थिर (फार्म) ऊर्जा प्राप्त हुनेछ। आयोजनाको निर्माण विसं २०८३ मङ्सिरभित्र सक्ने लक्ष्य राखिएको छ।

# आन्तरिक पर्यटकको रोजाइमा तेह्रकुनेपोखरी

फिक्कल (इलाम), १ फागुन (रासस)।

दक्षिणी इलामको माई नगरपालिका-१ र ९ को सङ्गमस्थलमा पर्ने तेह्रकुनेपोखरी पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा परेको छ। यहाँ घुम्न, तस्बिर खिच्न, भिडियो छायाङ्कन गर्न र वनभोज खान आउनेको हरेक सप्ताहान्तमा भीड लाग्ने गरेको छ।

स्थानीयवासीको सक्रियतामा भएको पूर्वाधार विकाससँगै डुङ्गासमेत सञ्चालनमा आएपछि आन्तरिक पर्यटकको आकर्षण बढेको हो। जैविक विविधता, प्राकृतिक सौन्दर्य र सुगम भएकाले आन्तरिक पर्यटकका लागि उत्कृष्ट गन्तव्य बनेको स्थानीय सुवर्ण राईले बताउनुभयो। "शनिबार र सार्वजनिक बिदाको दिन पोखरीमा आउने पर्यटकको भीडभाड हुने गर्दछ", उहाँले भन्नुभयो।

पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले माई नगरपालिकामा बिहीवारदेखि तेह्रकुनेपोखरी पर्यटन महोत्सव हुँदैछ। स्थानीय वरभञ्ज्याङ सामुदायिक वन उपभोक्ता संस्थाको आयोजनामा माई नगरपालिका-१ र ९ को सङ्गमस्थलमा महोत्सव हुन लागेको हो।

यही फागुन ३ गतेसम्म सञ्चालन हुने महोत्सवमा स्थानीय मौलिका संस्कृति, कला, साहित्य, सङ्गीत र इतिहासको संरक्षण गर्दै पर्यटन प्रवर्द्धनको प्रयास गरिने महोत्सव आयोजक समितिका अध्यक्ष पदम राईले बताउनुभयो। महोत्सवमा आदिवासी लिम्बू, राई, मगर, तामाङलगायत विभिन्न जातजातिका सांस्कृतिक झाँकी र वेशभूषा प्रदर्शन गरिने उहाँले जानकारी दिनुभयो।

"यहाँका आदिवासी भूमिपुत्रहरूको मौलिका संस्कृति, कला, साहित्य, सङ्गीत र इतिहासको संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गर्ने हाम्रो प्रयास हो। यसका लागि तीनै दिन अलगअलग कार्यक्रम तय गरिएको छ", अध्यक्ष राईले भन्नुभयो, "प्रत्येक दिन फरकफरक जातजातिको पहिचान र संस्कृति झल्कने झाँकीसहित वेशभूषा प्रदर्शन गरिनेछ।"

किरातीहरूको प्रथम राजा 'यलम्बर'को मूर्ति स्थापना सहयोगार्थ प्रत्येक दिन साँझमा 'यलम्बर साँझ' साङ्गीतिक कार्यक्रम तय गरिएको छ। कार्यक्रममा पहिलो दिन गायक तथा सङ्गीतकार कृष्णभक्त राई, दोस्रो दिन हास्यकलाकार पदम राई र तेस्रो दिन हास्यकलाकार विलसनविक्रम (तोक्मे बुढा) को प्रस्तुति रहनेछ।

यसैगरी, लिम्बू जातिको धाननाच, पालाम, च्याब्रुङ नाच, राई जातिको साकेला सिली, तामाङ जातिको सेलो, मगर जातिको मारुनी, खसआर्य जातिको सङ्गिनी नृत्यलगायत प्रस्तुत हुने उहाँले बताउनुभयो। महोत्सवले तेह्रकुने पोखरीको थप प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गर्नमा सहयोग पुग्नेमा आफू विश्वस्त रहेको माई नगरपालिका प्रमुख खम्बासिंह लिम्बूले बताउनुभयो।

"विगत चार वर्षदेखि यहाँका स्थानीयले बर्सेनि महोत्सव आयोजना गरिरहनुभएको छ", उहाँले भन्नुभयो, "यसले तेह्रकुनेपोखरीको थप प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गर्नमा सहयो पुगिरहेको छ भन्नेमा विश्वस्त छु।" उहाँले तेह्रकुनेपोखरीको प्रवर्द्धन र संरक्षणमा नगरको तर्फबाट सधैँ साथ रहने बताउनुभयो।

सदरमुकामबाट ३४ किलोमिटर दक्षिणमा अवस्थित तेह्रकुनेपोखरीसम्मको सडक विस्तार जारी छ। अन्य भौतिक पूर्वाधार पनि धमाधम बनिरहेकाले यो पोखरी अधिकभन्दा अधिक पर्यटकको प्रमुख गन्तव्य बन्ने अध्यक्ष राईको विश्वास छ।

# संविधान र जनाधिकार रक्षामा लागिरहने अध्यक्ष दाहालको प्रतिबद्धता

काठमाडौँ, १ फागुन (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनआन्दोलनको बलमा बनेको संविधानमा स्थापित मान्यता र जनाधिकार रक्षा गर्न निरन्तर सङ्घर्ष गरिरहने बताउनुभएको छ।

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को नेतृत्वमा २०५२ फागुन १ गतेदेखि सञ्चालित सशस्त्र सङ्घर्षको ३० औँ वर्ष प्रवेशका सन्दर्भमा पेरिसडाँडास्थित पार्टी कार्यालयमा बिहीवार आयोजित कार्यक्रममा उहाँले संविधानको अग्रगामी प्रावधान उल्टाउने प्रयासलाई निस्तेज पारिने बताउनुभयो।

"अहिले पनि दुई वर्ग र प्रवृत्तिका बीचमा सङ्घर्ष चलिरहेकै छ। हामीले धेरै वर्ष पहिले सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पुगे पनि यसलाई जनताको गणतन्त्र हुन नदिने प्रयास हुनेछ भनेर आकलन गरेका थियौँ, आज त्यही स्थिति बनेको छ", अध्यक्ष दाहालले भन्नुभयो, "एकथरि तत्व संविधानका अग्रगामी प्रावधान उल्टचाउने प्रयासमा छन् तर हामी यसलाई समाजवादी गणतन्त्रमा लगेरै छाड्छौँ।"

माओवादीलेसमुदायतर्फ फर्कदै जनताका 'एजेण्डा'लाई दृढतापूर्वक अघि बढाउने र जनतासँगको एकतालाई बलियो बनाउने सङ्कल्प गरेको उहाँले बताउनुभयो। राजनीतिक तहमा युगान्तकारी उपलब्धि प्राप्त गरे पनि जनताले महसुस गर्नेगरी उनीहरूको जीवन परिवर्तन गर्ने प्रयासमा पार्टी जुट्नुपर्नेमा अध्यक्ष दाहालले जोड दिनुभयो।

त्यसअवसरमा अध्यक्ष दाहाललगायत माओवादी नेताहरूले पार्टी कार्यालय परिसमा रहेको सहिद स्मारकमा पुष्पगुच्छा अर्पण गर्नुभएको थियो।

## नदी...

गर्नेलगायत कार्यले नदीको प्राकृतिक स्वरूपमा आँच आइरहेको छ। मानवका रक्त नली जस्तै नदीहरूको सम्बन्ध पनि भूगर्वसम्म रहने गर्छ।"

उहाँले विकास निर्माणका क्रममा नदीको प्राकृतिक सौन्दर्य नबिग्रने गरी दिगो रूपमा पूर्वाधार तथा भौतिक संरचना बनाउनुपर्नेमा जोड दिनुभयो। मन्त्री पाण्डेले विकसित राष्ट्रहरूबाट असन्तुलित रूपमा भएको प्राकृतिक दोहनका कारण जलवायु परिवर्तनको असर बढ्दै गएको बताउँदै अन्नपूर्ण आधार शिविरसहित अन्य हिमालहरूमा हिउँ नभएकोप्रति चिन्ता व्यक्त गर्नुभयो। मन्त्री पाण्डेले हिमालको हिउँ पग्लेर हिमाल, पहाड र समुन्द्री तट हुँदै समग्र विश्वमा असर परिरहेको बताउनुभयो।

बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले फोटोग्राफीका माध्यमबाट नेपालको पर्यटन प्रवर्द्धन गर्न 'फोटो नेपाल' प्रभावकारी मञ्चका रूपमा रहेको बताउनुभयो। दुई दिने प्रदर्शनीमा नवीन बरालद्वारा प्रस्तुत 'कर्णाली नदीः तीन देश (चीन, नेपाल र भारत) का तस्बिरहरू' बाट प्रदर्शन गरिएका छन्।

प्रदर्शनमा राखिएका तस्बिर ४५ दिनमा एक हजार ८० किलोमिटर लामो साहसिक यात्रामार्फत कर्णाली नदीको अद्भुत सौन्दर्यलाई कैद गरिएको बोर्डले जनाएको छ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*